आज मिति २०८२ चैत्र १५ गते आइतबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपसिल बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालु आ.व. २०८२/०८३ को चौधौं गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

## उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ङिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री रमेश कुमार कार्की | सचिव | |

**आमन्त्रित**

राज कुमार खत्री — लेखा अधिकृत

गोविन्द बस्नेत — सहायक कम्प्युटर अपरेटर

प्रस्तावहरुः

१. अघिल्लो बैठक समिक्षा सम्बन्धमा।
२. कुललाई आवश्यक सामाग्री खरिद सम्बन्धमा।
३. कला साहित्य उत्थान कार्यक्रम अन्तर्गत कुल पुजाको डकुमेन्ट्री निर्माण सम्बन्धमा।
४. ई- हाजिरी मेसिन खरिद सम्बन्धमा।
५. प्रदेश योजना बैंकमा योजना माग गर्ने सम्बन्धमा।
६. चमरगाउँ ट्रयाक ओपनको रकम भुक्तानी सम्बन्धमा।

निर्णयहरुः

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८२ चैत्र ६ गते बसेको तेह्रौ कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।
२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम **"कुल गुठी गुम्बा सहायता कार्यक्रम"** शिर्षकमा विनियोजित रकम **रु. १५०००००।- (पन्ध्र लाख)** बाट खर्चहुने गरि यस गाउँपालिका भित्र कुल पुजा गर्दै आएका विभिन्न समुदायहरुलाई आवश्यक सामाग्रीहरु गाउँपालिका कार्यालयबाट खरिद गरि वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।
३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम **"कला साहित्य उत्थान कार्यक्रम"** शिर्षकमा रु. ५००,०००।- (पाँच लाख) विनियोजित भएको, उक्त कार्यक्रम संचालन गर्नका लागि यस लिखु पिके गाउँपालिका भित्र बसोबास गर्ने समुदायहरुको कुल पुजाको वृतचित्र (डकुमेन्ट्री) निर्माणका गर्ने सर्वसम्मत निर्णय गरियो।
४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका कार्यालय अन्तर्गतका शाखा र विद्यालयहरुमा कर्मचारी ई हाजिरि उपस्थिति प्रणाली ( E-Attendance System) संचालन गर्नका लागि (Biometric Machine) खरिद गर्नका लागि मसलन्द तथा कार्यालय सामाग्री खरिद शिर्षकमा विनियोजित रकमबाट गाउँपालिका कार्यालयबाट आवस्यक प्रकृया अगाडी बढाउँने सर्वसम्मत निर्णय गरियो।
५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा तपसिलका योजनाहरु योजना बैंकमा प्रविष्ट गरि प्रदेश सरकारमा माग गर्ने सर्वसम्मत निर्णय गरियो

   तपसिलः

   क) अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम
   ख) स्थानीय स्तरको खेलकुद प्रतियोगिता संचालन
   ग) विद्यालय तथा स्थानीय तहमा स्काउट प्रवर्द्धन कार्यक्रम
   घ) विशेष विद्यालयहरुमा शैक्षीक सामाग्री व्यवस्थापन
   ङ) ज्येष्ठ नागरिक सेवा सम्बन्धि कार्यक्रम

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका वडा नं. ३ चमरगाउँ हुदै गाउँपालिका प्रशानिक भवन आउने बाटो ट्रयाक ओपनको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी दिने निर्णय गरियो।